कालिका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन

## विपन्न नागरिकहरुका लागि मेयर आवास कार्यक्रममा लाभग्राही सूचीमा नाम समावेश गर्न आवेदन आव्हान गरिएको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७६/०८/०३)

यस नगरपालिकाको स्वीकृत बार्षिक कार्यक्रम अनुसार विपन्न नागरिकहरुका लागि आवासीय घर निर्माण गरिदिने लक्ष्य सहित यस नगरपालिकाबाट चालू आर्थिक बर्षमा विपन्न नागरिकहरुका लागि मेयर आवास कार्यक्रम घोषणा भइ कार्यान्वयनको चरणमा रहेको छ । कार्यपालिकाको मिति २०७६/०८/०२ को निर्णय तथा विपन्न नागरिकहरुका लागि मेयर आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को दफा ४ को उपदफा (१) बमोजिम लाभग्राही सूचीमा नाम दर्ता गराउन तपशिल बमोजिमका नागरिकहरुले निर्धारित फाराम भरी यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा आवेदन पेश गर्न सम्बन्धित नगरबासीहरुलाई सूचित गरिन्छ । रीत नपुगी वा तोकिएको सिमा भित्र आवेदन दर्ताहुन नआएमा त्यस्तो प्रस्ताव उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपशिलः

१. बस्न योग्य नरहेको खर, झिंगडी, त्रिपाल वा फुसले छाएको झुपडीमा बसोबास गरिरहेका र घर बनाउन नसक्ने विपन्न नागरिक भएको,
२. बार्षिक ५० हजार भन्दा कम आय हुने विपन्न नागरिक भएको सम्बन्धित वडाकार्यालयबाट सिफारिश भएको,
३. कम्तिमा १० बर्ष अघि देखि यस नगरपालिका क्षेत्रभित्र बसोबास गर्दै आएको,
४. आफू वा परिवारका कुनैपनि सदस्यको कुनै किसिमको रोजगारी नभएको,
५. आफू वा परिवारका कुनैपनि सदस्यले व्यापार, उद्योग, पसल वा कुनै किसिमको आयमूलक व्यवसाय नभएको,
६. स्थानीय तह वा नेपाल सरकारलाई बुझाउनुपर्ने राजश्व बुझाउन बाँकी नरहेको,
७. नेपाल सरकार वा कुनै निकायबाट आवासका लागि अनुदान प्राप्त नगरेको,
८. आफू वा परिवारका सदस्यहरुको नाउँमा अन्यत्र बस्नयोग्य घर नभएको,
९. प्रचलित कानून बमोजिम कुन सरकारी सेवा प्राप्त गर्नलाई बाधा नरहेको ।

लाभग्राही छनौटका आधारहरुः विपन्न नागरिकहरुका लागि मेयर आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ बमोजिम देहायका आधारमा लाभग्राही छनौट गरिनेछ ।

(क) कार्यालयबाट सर्भेक्षण गर्दा निवेदक बसोबास गरिरहेको घरको बनौट अनुसार अनुसूची १ बमोजिम दिईएको अंक बमोजिम प्राथमिकता निर्धारण गरी लाभग्राही छनौट गरिनेछ,
(ख) सबै भन्दा बढी अंक प्राप्त गर्ने परिवार देखि न्यूनतम ३५ अंक प्राप्त गर्ने परिवारको प्राथमिकता सूचि प्रकाशन गरिनेछ,
(ग) खण्ड (ख) बमोजिमको प्राथमिकताका आधारमा कार्यक्रम निर्देशक समितिले लाभग्राही छनौट गर्नेछ।
(घ) लाभग्राहीको छनौट गर्दा वृद्ध, एकल महिला, अनाथ बालबालिका तथा अपाङ्गता भएका घरमुलीलाई पहिलो प्राथमिकता दिईनेछ ।
(ङ) लाभग्राही छनौट गर्दा सगोलमा रहेका परिवारले एकमात्र आवास प्राप्त गर्नेछन्,
(च) निवेदकले आवेदनका साथमा आफ्नो र आफ्नो परिवारका सदस्यका नाममा रहेको जग्गाको लालपूर्जा, बसोबास रहेको घर र परिवारको फोटो आवेदनसाथ पेश गर्नुपर्नेछ ।

आवेदनको ढाँचा सम्बन्धित वडा कार्यालयबाट वा नगर कार्यपालिकाको कार्यालयबाट वा नगरपालिकाको वेभसाइट http://www.kalikamunchitwan.gov.np/ बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

राज पुरी